श्री ५ को सरकार

मन्त्रिपरिषद् सचिवालयको

सूचना

श्री ५ को सरकारको (कार्यविभाजन) नियमावली, (संशोधनसहित) को नियम ३ र ४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले अलग अलग रहेको गृह मन्त्रालय र पञ्चायत मन्त्रालयहरू एकीकरण गरी गृह पञ्चायत मन्त्रालय कायम गरी देहायबमोजिमको कार्यविभाजन समेत गरी मिति ०३२।१२।१ मा निर्णय गरिएकोले यो आदेश जारी गरेको छ ।

गृह पञ्चायत मन्त्रालयको कार्यविभाजन

१. शान्ति सुव्यवस्था
२. प्रहरी
३. कारागार
४. हातहतियार र खरखजानाको लाइसेन्स
५. नेपाल गुप्तचर विभाग
६. विस्फोटक पदार्थसम्बन्धी नियन्त्रण
७ विदेशी नागरिकउपर रेखदेख, नियन्त्रण र देशबाहिर पठाउनेसम्बन्धी कामहरू
८. सवारी नियन्त्रण
९. उपत्यकामा रहेको सरकारी सवारी
१०. संघ संस्था
११. स्थानीय प्रशासन
१२. नागरिकतासम्बन्धी सबै कामहरू
१३. आप्रवासन तथा प्रवास
१४. नेपालभित्रका तीर्थस्थान र तीर्थयात्रीहरू
१५. कल्याण धन र बेवारिसी धन
१६. चिट्ठा, जुवा इत्यादिको नियन्त्रण
१७. असमर्थ तथा बेकारी व्यक्तिहरूको सहायता, पाकशालाहरू (वेनोभोलेण्ट, च्यारिटेवल सोसाईटी, पूर्णेश्वर पाकशाला, जिल्लास्थित पाकशालाहरू आदि)
१८. सार्वजनिक कामको लागि निजी चल वा अचल सम्पत्ति प्राप्त तथा अधिग्रहण गर्ने
१९. होटल भट्टी तथा मादक पदार्थको सेवासम्बन्धी नियन्त्रण

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०. दैवी प्रकोप सहायता
२१. सचिवालय भवनको उपभोग र रेखदेख
२२. सचिवालयको निमित्त केन्द्रीय सेवाहरूको व्यवस्था
२३. सार्वजनिक बिदाको घोषणा, उर्दी, सार्वजनिक उत्सव इत्यादि
२४. सार्वजनिक चन्दा संकलनसम्बन्धी नियन्त्रण
२५. विभूषणसम्बन्धी
२६. अध्यागमन
२७. शरणार्थीसम्बन्धी
२८. अञ्चल र जिल्लाको सदरमुकाम तथा सिमाना
२९. वारूणयन्त्र तथा सो सम्बन्धित सबै काम
३०. स्थानीय पञ्चायतहरू
३१. पञ्चायतसम्बन्धी ऐन, नियम र तिनको कार्यान्वयन
३२. राष्ट्रिय पञ्चायतसम्बन्धी प्रबन्धहरू
३३. रा. पं. मा श्री ५ को सरकारको कार्यक्रम
३४. पञ्चायतका वर्गीय संगठनहरू
३५. हातबजार मेला
३६. दुर्गमक्षेत्र एवं स्थानीय विकास
३७. सामुदायिक विकास
३८. स्थानीय जनशक्ति र जनसहयोगको परिचालन
३९. अरू कुनै सचिवालय वा मन्त्रालयको निमित्त किटानी साथ नतोकिएको श्री ५ को सरकारको कुनै काम ।

खण्ड २४ मिति २०३१।४।७ संख्या १५ को नेपाल राजपत्र भाग ३ मा र खण्ड २४ मिति २०३१।१२।२५ संख्या ५१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित गृह मन्त्रालय तथा पञ्चायत मन्त्रालयको कार्यविभाजनसम्बन्धी यस सचिवालयको सूचना खारेज गरेको छ ।

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।